# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-२०

बैठक मिति २०८०/०४/१४

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा कर्मचारीहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिलः

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | Prakash | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | शोभाकान्त | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | देवि | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री रामबहादुर घर्ती | | |
| आमन्त्रीत | | | | |
| १६ | श्री कमल भण्डारी | क.अ. | | |
| १७ | श्री भरत पोखरेल | स्वकीय सचिव | | |

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-२०

बैठक मिति २०८०/०४/१४

**एजेण्डाहरुः**

१. आ.व. २०७९/०८० को समिक्षा सम्वन्धमा ।
२. आ.व. २०८०/०८१ लाई व्यवस्थित तथा परिस्कृत ढंगबाट संचालन गर्ने सम्वन्धमा ।
३. वडास्तरीय बैठक संचालन सम्वन्धमा ।
४. जिल्ला दररेट स्वीकृत गर्ने सम्वन्धमा ।
५. प्रधानमन्त्री 'रोजगार कार्यक्रमका योजना संचालन सम्वन्धमा ।
६. विपद् व्यवस्थापन सम्वन्धमा ।
७. पालिका क्यान्टिन/क्वाटर व्यवस्थापन सम्वन्धमा ।
८. झोलुङ्गे पूल हटाउने सम्वन्धमा ।
९. कार्यसम्पादनको आधारमा शिक्षक/स्वास्थ्यकर्मी सरुवा सम्वन्धमा ।
१०. औद्योगिकग्राम संचालन कार्यविधि सम्वन्धमा ।
११. विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल छलफल गर्दा आर्थिक बर्ष २०७९/०८० लाई व्यापक समिक्षा गर्दा गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह एवं योजना सम्झौता तथा फरफारक गर्दा केही कमि कमजोरी भएको हुँदा आगामी आर्थिक बर्षमा समयमानै योजना सम्झौता एवं फरफारक गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक बर्ष २०८०/०८१ मा गाउँपालिकाबाट प्रदान गर्ने सेवा प्रवाह, कर्मचारी परिचालन साथै योजनाहरु संचालन गर्दा व्यवस्थित एवं परिस्कृत ढंगबाट संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको वडास्तरीय बैठक सञ्चालन कार्यविधि, २०८० कार्यपालिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-२०

बैठक मिति २०८०/०४/१४

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समितिले आ.व. २०८०/०८१ का लागि निर्धारण गरेको स्याङ्जा जिल्लाको जिल्ला दररेट सर्वसहमत स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिबाट चालु आ.व. २०८०/०८१ को गाउँसभाबाट स्वीकृत भएका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनसुन तथा बर्षाबाट हुन सक्ने विपद्लाई मध्यनजन गर्दै अर्जुनचौपारी गाउँपालिका भित्र विपद् व्यवस्थापनको लागि विपद् राहत उद्धार सामाग्री खरिद गरी आवश्यकता अनुसार प्रहरी चौकी तथा गा.पा. कार्यालय, वडा कार्यालयमा राख्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको चमेनागृह (क्यान्टिन) संचालनको लागि सूचना प्रकाशन गरिएको हुँदा क्यान्टिन/क्वाटर यथाशिघ्र व्यस्थापन तथा संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित झोलुङ्गे पूल जीर्ण अवस्थामा रहेको साथै उक्त स्थानमा नयाँ ट्रर्स वृज पूल निर्माण भई सकेको हुँदा पुरानो पूल हटाउदा कुनै असर नहुने भनी प्राविधिक शाखाबाट समेत रिपोर्ट प्राप्त भएको हुँदा उक्त जीर्ण अवस्थामा रहेको झोलुङ्गे पूल हटाउने सर्वसहमत निर्णय गरियो ।

प्र. प्रमाणित

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं.-२०

बैठक मिति २०८०/०४/१४

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका तपसिल बमोजिमका शिक्षक/कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा सरुवा गर्ने सर्वसहमत निर्णय गरियो ।

तपसिल :

| सि.नं. | शिक्षकको नाम, थर | हाल कार्यरत विद्यालय | सरुवा भएको विद्यालय |
|---|---|---|---|
| १ | श्री देवी प्रसाद अर्याल | सिद्ध आ.वि., केवरे | आदर्श आ.वि., खेवाङ्ग |
| २ | श्री कृष्ण प्रसाद चापागाई | आदर्श आ.वि., खेवाङ्ग | सिद्ध आ.वि., केवरे |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा अर्जुनचौपारीकाको औद्योगिकग्राम संचालन कार्यविधि, २०८० कार्यपालिबाट स्वीकृत गरी औद्योगिकग्राम संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ११**

क. प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गरी पालिका भित्रका नागरिकहरुलाई घर–घर/टोल–टोमा गई स्वास्थ्य सेवा उपलब्ध गराएको हुँदा अर्जुनचौपारी गाउँपालिकाको स्वास्थ्य शाखालाई पुरस्कृत गर्ने सर्वसहमत निर्णय गरियो ।

ख. प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्वन्धी कार्यविधि, २०८० कार्यपालिबाट स्वीकृत गरी कार्यान्वयमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

ग. प्रस्ताव नं. ११ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. २ स्थित ठुलोपानी भक्तिकोट खानेपानी आयोजनाको पाईप आगोलागि भई क्षतिग्रस्त भएको हुँदा उक्त खानेपानी योजनाको लागि विपद् व्यवस्थापन कोषबाट रु १ लाख बजेट विनियोजन गर्ने सर्वसहमत निर्णय गरियो ।

घ. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गत आ.व. २०७९/०८० मा नेपाल पर्यटन बोर्डबाट डहरेलेक पर्यटन पूर्वाधारको लागि रु ५ लाख विनियोजन भएकोमा डकुमेन्ट्री निर्माण गर्न पर्यटन बोर्डसँग अनुमति माग्ने र आ.व. २०८०/०८१ को लागि पूर्ववत बजेट माग गर्ने सर्वसहमत निर्णय गरियो ।